# खाँडाचक्र नगरपालिकाको विनियोजन ऐन २०७५

**खाँडाचक्र नगरपालिकाको आर्थिक वर्ष २०७५/ ७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः**

खाँडाचक्र नगरपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केहि रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम खाँडाचक्र नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१)यस ऐनको नाम खाँडाचक्र नगरपालिकाको विनियोजन ऐन, २०७५ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः**

१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लखित चालु खर्च, पूँजिगत खर्च वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४२,२८,८५,५६५/-(अक्षरेपी बयालिस करोड, अठ्ठाइस लाख र पचासी हजार पाँच सय पैसठ्ठी रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिने छ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त खाँडाचक्र नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्चतर्फ विनियोजित रकम अन्य चालू खर्च शीर्षकतर्फ सार्न सकिने छैन।

३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

४) यस ऐन बमोजिम विनियोजन गरिएको रकममध्ये शिक्षा, स्वास्थ्य, पशु सेवा र कृषिविकास, महिला तथा वालवालिका लगाएत क्षेत्रमा विनियोजीत रकमलाई विषयगत शाखा बाट विस्तृत कार्यक्रम तयार गरी खर्च गर्न सकिने छ।

अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र.सं | शीर्षकको नाम | चालु खर्च | पूँजीगतखर्च | जम्मा |
|---|---|---|---|---|
| १ | नगरकार्यपालिका तथा विषयगत शाखा | ५७६००००० | ३१६९३८५६५ | ३७४५३८५६५ |
| २ | वडा समिति | ७४४७००० | ४०९००००० | ४८३४७००० |
| | जम्मा | ६५०४७००० | ३५७८३८५६५ | ४२२८८५५६५ |